# आदर्शवाणी

**तिम्रो क्रोधको लागि कसैले सजायँ दिदैन, बरु तिमीलाई आफ्नै क्रोधबाटै सजायँ मिल्छ।**

**-गौतम बुद्ध**

# सम्पादकीय

## कुलिङ पिरियडको भविष्य शीर्षनेताको विवेकमा

अहिले देशमा जतासुकै 'कुलिङ पिरियड' को चर्चा छ । जति कुलिङ पिरियडको चर्चा बढ्दै छ, उति वातावरण भने तातिँदै गएको छ । त्यसो त १ वर्ष पहिले जब संसद्को राज्य व्यवस्था समितिले संघीय निजामती सेवासम्बन्धी विधेयक समितिबाट पारित गर्‍यो । त्यसैबेलादेखि भित्रभित्रै रस्साकस्सी चलेको थियो तर जब त्यो विधेयकको विरोधमा सरकारका मुख्यसचिव, संसद्का महासचिव लगायत सचिवहरु हुल बाँधेर त्यो कुलिङ पिरियड हटाउन नेताहरुको घरदैलो चहार्न पुगे, तब त्यो विषय अरु चर्चित भयो । नयाँ व्यवस्था अनुसार निजामती कर्मचारीहरु सेवाबाट निवृत्त भएको २ वर्षसम्म कुनै संवैधानिक अंगहरुमा जान नपाउने प्रावधान गरिएको छ । त्यही २ वर्षको प्रावधानलाई 'कुलिङ पिरियड' भनिएको हो । अहिले उनीहरुका लागि त्यस्तो कुनै व्यवस्था छैन । अहिले उनीहरुले सेवाबाट अवकाश पाउनासाथ अन्य संवैधानिक पदमा जान सक्ने गरिएको छ ।

वर्तमान प्रावधानले प्रशासनमा विकृति र विसंगति देखिएको र अन्य मुलुकहरुमा पनि कुलिङ पिरियडको व्यवस्था गरिएको राज्य व्यवस्था समितिका सदस्यहरुले बताउने गरेका छन् । समितिका अनुसार कुलिङ पिरियड विश्वव्यापी व्यवस्था हो । त्यसै भएर त्यो व्यवस्था नेपालमा प्रवेश गराउन खोजेको त्यसका सभापति रामहरि खतिवडाको भनाइ छ । उनले त्यो विधेयकलाई पूर्ण बैठकमा लैजान तयार गरिएको पनि जनाएका छन् । यो विवाद राजनीतिक नेता भर्सेज कर्मचारी संयन्त्रका रुपमा आएको छ । तर यसमा शीर्षनेताहरुले भने मुख खोलेका छैनन् । कर्मचारीहरुले भने सेना, प्रहरी, प्राध्यापक लगायत अन्य सेवामा कतै पनि कुलिङ पिरियडको व्यवस्था नभएको तर निजामती सेवमा मात्र त्यो व्यवस्था गरिएकाले आफूहरुले विरोध गरेको बताएका छन् ।

राज्य व्यवस्थाका सभापति खतिवडाले कुलिङ पिरियड निजामती सेवामा मात्र होइन, आफूहरुले अन्य सेवामा यो लागु गर्ने सोच भएको बताए । उनले यही विधेयकमा पनि आफूहरुले निजामती र अन्य सरकारी कर्मचारी भन्ने व्यहोरा राखेको पनि जनाए । ढिलो या चाँडो अन्य सेवामा पनि कुलिङ पिरियड लागु हुने देखिन्छ । त्यो जे भए पनि शीर्षनेताहरुले के विचार गरेका छनु, त्यो थाहा हुन सकेको छैन । उनीहरुको निर्णयमा कुलिङ पिरियडको भविष्य निर्धारण हुने देखिन्छ ।

# पोखरा आदर्शको वक्तृत्वकला

**पोखरा, ११ जेठ (आदर्श समाज)-** पोखरा आदर्श सेकेन्डरी स्कुलमा माध्यमिक तहअन्तर्गत नेपाली वक्तृत्वकला प्रतियोगिता भएको छ ।

उपप्राचार्य ज्ञानेश्वर सुवेदीको सभापतित्वमा सम्पन्न उक्त प्रतियोगितात्मक कार्यक्रममा कक्षा ९ का शिव कडेल प्रथम, कक्षा १० का माधव त्रिपाठी द्वितीय र कक्षा ९ का सुदर्शन पौडेलले तृतीय स्थान हासिल गरे । 'वैदेशिक रोजगार : सम्भावना र चुनौती' शीर्षकमा भएको प्रतियोगितात्मक कार्यक्रमको निर्णायक संयोजक ज्ञानेश्वर सुवेदी र नेपाली भाषा शिक्षक जानुका सुवेदी पौडेल रहेका थिए ।


## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १२ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय नागढुङ्गाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रकियाद्धारा लिलाम बिकी गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिकी सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिकी गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**१) कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **डहरे देउराली एग्रो फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : कमलकान्त रेग्मी
दर्ता नं. : २५९०९२/०७७/०७८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०७७/१२/०४
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २६ स्थायी लेखा नं. : ६०९९६८२००

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) महदत्त रेग्मीको नाति वेद प्रकाश रेग्मीको छोरा स्याङजा जिल्ला चिलाउनेबास गा.वि.स. वडा नं. ८ हाल, पोखरा म.न.पा. वडा नं. २६ बस्ने **कमल कान्त रेग्मी** (ना.प्र.नं. : ६९९०५ जारी मिति र जिल्ला : २०५९/११/०४, स्याङजा)

२) वेद प्रकाश रेग्मीको बुहारी कमलकान्त रेग्मीको पत्नी स्याङजा जिल्ला आँधिखोला गा.पा. वडा नं. २ हाल, पोखरा म.न.पा. वडा नं. २६ बस्ने **उमादेवी आले मगर रेग्मी** (ना.प्र.नं. : १५०४२३ -कास्की जारी मिति र जिल्ला : २०६१/०५/२७, स्याङजा)

३) धनलाल घोरासाइनेको नाति रविचन्द्र घोरासाइनेको छोरा काभ्रेपलाञ्चोक जिल्ला फुलबारी गा.वि.स. वडा नं. ३ हाल, पोखरा म.न.पा. वडा नं. १० **नकुल प्रसाद घोरासाइने** (ना.प्र.नं. : १२७००० जारी मिति र जिल्ला : २०६१/०१/१३, काभ्रेपलाञ्चोक)

**२) कर्जा शिर्षक : महिला उद्यमशील कर्जा**

**ऋणीको विवरण**

नाम : **कुश फर्निचर सोरुम** प्रोप्राइटरको नाम : उमादेवी आले मगर प्रा.फ.र.नं. : २६९८६/०७९/०८०
दर्ता गर्ने कार्यालय : पर्यटन तथा उद्योग कार्यालय कास्की, गण्डकी प्रदेश दर्ता मिति : २०७९/०९/०८
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १४ स्थायी लेखा नं. : ६१९१५०३६३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) महदत्त रेग्मीको नाति वेद प्रकाश रेग्मीको छोरा स्याङजा जिल्ला चिलाउनेबास गा.वि.स. वडा नं. ८ हाल, पोखरा म.न.पा. वडा नं. २६ बस्ने **कमल कान्त रेग्मी** (ना.प्र.नं. : ६९९०५ जारी मिति र जिल्ला : २०५९/११/०४, स्याङजा)

२) वेद प्रकाश रेग्मीको बुहारी कमलकान्त रेग्मीको पत्नी स्याङजा जिल्ला आँधिखोला गा.पा. वडा नं. २ हाल, पोखरा म.न.पा. वडा नं. २६ बस्ने **उमादेवी आले मगर रेग्मी** (ना.प्र.नं. : १५०४२३ -कास्की जारी मिति र जिल्ला : २०६१/०५/२७, स्याङजा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०८/११ को नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/१०/०७ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिकी सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
३) मिति २०८२/०१/२४ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिकी सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण जिगलगापात समेत।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| डहरे देउराली एग्रो फार्म प्रा.लि. | कास्की जिल्ला कल्याणीडाँडा वडा नं. ९ | ०९४०९२३ | ३२०६ | ०-८-१-३ |
| | | | ३२०८ | १-१-०-० |
| | | | ३२०४ | ०-२-०-० |
| | | | ९३४ | ०-५-३-१ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०२/१८ गते आइतबार भित्र यस बैंकको शाखा कार्यालय नागढुङ्गा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/१९ गते सोमबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय नागढुङ्गामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## धितोमा रहेको अचल सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना

यस युनाईटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. पोखरा-१०, कास्की कार्यालयबाट तपशिलमा उल्लेखित ऋणी सदस्य ज्यूले अचल सम्पत्ति धितो सुरक्षण राखी व्यावसायिक प्रयोजनका लागी ऋण लिंदा बखत यस संस्थासँग गरेको लिखत र शर्तहरु बमोजिम समय समयमा तिर्ने बुझाउन पर्ने साँवा, ब्याज एवं अन्य दै-दस्तुर आदि समयभित्र नतिरी ऋण चुक्ता गर्ने कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम भुक्तान नगरी बसेको हुँदा ऋण चुक्ता गर्न पटक पटक मौखिक लिखित ताकेता गरिएको एवम् क्रमश प्रथम पटक मिति २०८१/०४/१८ गते आदर्श समाज राष्ट्रिय दैनिकमा ३५ दिने सूचना, दोस्रो पटक मिति २०८१/०६/१४ गते पोखरापत्र राष्ट्रिय दैनिकमा १५ दिने सूचना र तेस्रो पटक मिति २०८१/१२/२८ गते पोखरापत्र राष्ट्रिय दैनिकमा ७ दिने सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, ब्याज एवं अन्य दै-दस्तर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले संस्थासंग गरेको ऋण सम्बन्धी सर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र दाखिला गर्नुहुन अनुरोध छ अन्यथा संस्थाको नाममा रोक्का राखी दिएको तपशिल बमोजिमको सम्पत्ती जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली ऐन २०७५ , गण्डकी प्रदेश सहकारी ऐन २०७५, तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम तथा ऋण असुली नितिले दिएको अधिकार प्रयोग गरी नियमानुसार लिलाम बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्तिहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी तपशिलमा उल्लेखित सर्तबन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ३६ औं दिनका दिन तपशिलका स्थानमा खोलिने हुदा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, सञ्चालक, जमानी दिने तथा सम्बद्ध सबैलाई सुचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रक्रिया गर्न कुनै बाधा पुग्ने छैन। साथै धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा यस संस्थालाई बुझाउनपर्ने रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनुहुने छैन। ऋण असुली प्रक्रियामा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुनबमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ। उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरी लिन सक्नेछ।

**तपशिल**

| ऋणी सदस्यको तीनपुस्ते विवरण | व्यक्तिगत जमानीकर्ताहरु | |
|---|---|---|
| ऋणी : सपना ठकुरी<br>नागरिकता नं. : ५१३००२३/३७<br>जारी मिति २०६३/१०/२९, पर्वत<br>ठेगाना : कुश्मा- ११, पर्वत<br>बाबुको नाम : रुद्र बहादुर के.सी.<br>पतिको नाम: ज्ञानेन्द्रबहादुर ठकुरी<br>बाजेको नाम: पूर्ण बहादुर के.सी. | १. श्री सुमित ठकुरी<br>(ना.प्र.प.न. ५१-०१-७८-०३०५१, पर्वत<br>ठेगाना : कुश्मा -११ , पर्वत<br>हालको ठेगाना : पोखरा - ०५ कास्की<br>बाबुको नाम :ज्ञानेन्द्र बहादुर ठकुरी<br>बाजे : टोलक बहादुर ठकुरी | ३.श्री सन्तोषी अधिकारी<br>(ना.प्र.प.न. २८३०३८/१४०, ललितपुर<br>ठेगाना : गोरिखेल -०४ , ललितपुर<br>हालको ठेगाना : पोखरा-८ बगालेटोल<br>बाबुको नाम : गोपाल घर्ती<br>बाजे : नैला जि.सी. |
| | २. श्री लोप्साङ बम्जन (लामा)<br>(ना.प्र.प.न. २४-०-७०-०१२३७ , सिन्धुपाल्चोक<br>ठेगाना : बाँसखर्क -०८, सिन्धुपाल्चोक<br>हालको ठेगाना : पोखरा - ०५ , कास्की<br>बाबुको नाम : अशोक कुमार बम्जन<br>बाजे : कृपाल बम्जन | जग्गाको विवरण :-<br>गण्डकी अञ्चल कास्की जिल्ला हेमजा, गा.वि.स. वडा नं -५ मा रहेको कित्ता नं. १८५२, १८५४, १८५६, १८५८ क्षेत्रफल १५५.०० वर्गमिटर । |

**ऋणको विवरण :-**
साँवा, ब्याज र हर्जन सहितको जम्मा ऋण रकम :- ५९,९८,३२६|०९/- (अक्षरुपी:- उनान्साठी लाख अन्ठानब्बे हजार तिन सय छब्बीस रुपैयाँ नौ पैसा मात्र।) (मिति २०८२/०२ /११ गते सम्म)

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु**
१) बोलपत्र फारम यस युनाईटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालय समय भित्र रु.५००/- तिरी फिर्ता नहुने गरी प्राप्त गर्न सकिनेछ।
२) शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रीत नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारबाही गरीने छैन।
३) बोल पत्र बुझाउने अन्तिम दिन/ खोल्ने दिन संस्था बिदा परेमा बिदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन खोल्न सकिने छ। सो तोकिएको अनुसारको दिन बिदा परेमा त्यस पछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ५:०० बजेसम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पतिको विवरण खुलाई के-कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ।
५) बोलपत्रमा आफुले कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६) बढी रकम बोल गर्नेको बोलपत्र स्विकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्तीआफ्नो नाममा नामसारी गर्ने कार्य अगाडी बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
७) कुनैपनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने वा बोलपत्र स्विकृत गर्ने नगर्ने वा नेगोशियस नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८) इच्छुक खरिद कर्ताले खरिद गर्न चाहेको सम्पती जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा रिद गर्नु पर्ने छ। लिलाम बिक्री हुने सम्पत्ती र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनुहुने माहानुभावहरुले यस युनाईटेड नेपनल बहुउद्धेश्यीय सहकारी संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुने छ।
९) सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबल गरेको रकम संस्थालाइ चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ती सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्नेछ।
१०) उक्त लिलाममा राखेको सम्पतिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ती कर, स्थानीय कर र अन्य शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११) उल्लेखित सम्पत्ति लिई सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। सहकारी संस्थासंग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइनेछैन।
१२) लिलाम बोलकबल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिनेछैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३) शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१४) लिलाम हुने दिनमा स्वयम् ऋणी वा निजको प्रतिनिधि उपस्थित हुनका लागी पत्र पठाईनेछ। पत्र प्राप्त भएको मानिनेछ। ऋणी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बढाबढ कार्य रोकिने छैन।

| बोलपत्र पेश गर्ने मिति,समय र स्थान | बोलपत्र खोल्ने मिति,समय र स्थान |
|---|---|
| मिति : २०८२/०३/१५ गते<br>स्थान : संस्थाको कार्यालय पोखरा-१०, रक्षामार्ग कास्की<br>समय : दिउँसो ३:०० बजे सम्म | मिति : २०८२/०३/१६ गते<br>स्थान : संस्थाको कार्यालय पोखरा-१०, रक्षामार्ग कास्की<br>समय : बिहान ११:०० बजे |

सहकारी ऐन २०७४ अन्तर्गत सञ्चालित
"बचत, योजना र औंटमा हजुरको उद्धता सुरक्षण, समानी र रोजगारमा हाम्रो प्रतिबद्धता"
**युनाइटेड नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**UNITED NEPAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.**
पोखरा-१०, रक्षामार्ग । फोन: ०६१-५७१०१०, ५८९९६४
E-mail: unitednepal.mcos@gmail.com


## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
मोबाइल : ९८५६०४१९२०
Youtube : GG TV Nepal

विसं २०८२ साल ज्येष्ठ १२ गते सोमबार, तदनुसार इसं २०२५ मे २६ तारिख, सिद्धार्थीनाम संवत्सर, श्रीसूर्यउत्तरायण, ग्रीष्मऋतु। चान्द्रमान अनुसार ज्येष्ठकृष्णपक्षको चतुर्दशी तिथि पूर्वान्ह ११:२२ बजेसम्म, त्यसपछि औंसी रहनेछ।
नक्षत्र : भरणी बिहान ७:४४ बजेसम्म, त्यसपछि कृत्तिका रहनेछ।
विष्कुंभादी योग : शोभन बिहान ६:४० बजेसम्म, त्यसपछि अतिगण्ड रहनेछ।
आनन्दादी योग : चर।
करण : चतुष्पाद बेलुका १०:०९ बजेसम्म, त्यसपछि किंस्तुघ्न रहनेछ।
श्रीसूर्य : वृष राशिमा, चन्द्रमा : मेष राशिमा दिवा १:२० बजेसम्म रहनेछ।
सूर्योदय : ५:१२ बजे, सूर्यास्त : बेलुका ६:५१ बजे हुनेछ।
(आज : दर्शश्राद्ध, निशि बार्ने, वटसावित्रीव्रत)
(भोलि : स्नानदानका लागि औंसी, हलो बार्ने, शनिजयन्ती)

## राशिफल

**मेष** अतिथिको सत्कार मिल्नेछ। मान्यजनको सहयोग पाइनेछ। टाढिएका आफन्तजनसँगको सम्बन्धमा सुमधुरता छाउनेछ। बोली वचनमा मिठासपन आउनेछ। बेलुकीपख स्वास्थ्य कमजोर बन्नेछ।

**वृष** पुर्वार्द्धको समयमा समस्या तथा चुनौतीको सामना गर्नुपर्नेछ। झन्झटको सामना गर्नुपर्नेछ। काम गरेर जस मिल्ने छैन। उत्तरार्धको समयमा स्वास्थ्यमा सुधार हुनेछ। आम्दानीका नयाँ सम्भावनाहरु जुट्ने छन्।

**मिथुन** मित्रताको बन्धन कसिलो रहनेछ। थोरै लगानीबाट नै धेरै लाभ मिल्दा खुसीयाली छाउने छ। उत्तरार्द्धको समयमा भने एक्कासि स्वास्थ्य समस्याले सताउनेछ। दोधारेपनले गर्दा निर्णय लिन गाह्रो पर्नेछ। खर्चभार बढ्नेछ।

**कर्कट** नयाँ ठाउँको भ्रमणले मन हर्षित बन्नेछ। नयाँ कार्यको आरम्भ गर्ने समय रहेको छ। विपक्षीहरु पनि मेलमिलापमा आउन बाध्य हुनेछन्। तपाईंको काम गर्ने शैलीले समाजमा बेग्लै तरंग पैदा गर्नेछ। खुसीयाली छाउनेछ।

**सिंह** गुरुजनको सल्लाहमा कार्य गर्दा लक्ष्यमा पुग्न सकिनेछ। शत्रु पक्ष कमजोर बन्दा कार्य गर्न सहज हुनेछ। भविष्यका लागि कार्य योजनाहरु रचिने छन्। धर्म कर्ममा रुचि बढ्नेछ। सामान्य कार्यमा नअल्झनु होला।

**कन्या** मनमा डर, त्रास उब्जनेछ। तनावदायी कार्य मात्र आइलाग्ने छन्। समय अनुसार चल्न नसक्दा प्राप्त अवसर पनि गुम्नेछ। बेलुकीपख समस्या समाधानको उपाय रचिनेछ। काम गर्ने वातावरण बन्नेछ। धन लाभ हुनेछ।

**तुला** नयाँ कार्य आरम्भ गर्दै हुनुहुन्छ भने पुर्वार्द्धको समय शुभ रहेको छ। अपरिचित व्यक्तिको सहयोगले कार्यहरु बन्नेछन्। उत्तरार्द्धमा एक्कासि झमेला झेल्नु पर्नेछ। बोलीकै कारण विवादमा परिनेछ। चिन्ता बढ्नेछ।

**वृश्चिक** प्रतिस्पर्धात्मक काम व्यवहारमा विजयी भइनेछ। घरायसी समस्या हल हुनेछ। आर्थिक आगमनमा वृद्धि हुनेछ। समस्याको पहिचान गर्न सक्दा जिम्मा लिएका कार्य समयमै पूर्ण गर्न सकिनेछ। प्रशंसा मिल्नेछ।

**धनु** सन्तानको साथ सहयोग मिल्नेछ। पूर्व तयारीका साथ कार्यमा लाग्दा सफल भइनेछ। सामान्य समस्यामा नआत्तिनु होला। बेलुकीपख व्यावसायबाट आकस्मिक लाभ हुनेछ। कामप्रतिको लगनशीलता बढेर जानेछ।

**मकर** व्यवसायबाट न्यून प्रतिफल मिल्नेछ। शैक्षिक उपलब्धिमा ह्रास आउनेछ। हतारको निर्णयले समस्यामा परिनेछ। उत्तरार्द्धको समय भने केही अनुकूलको बन्नेछ। नयाँ सिप सिक्ने अवसर पाइनेछ। अध्ययनमा रुचि जाग्नेछ।

**कुम्भ** इच्छा आकांक्षाहरु बढ्ने छन्। व्यवसायको सिलसिलामा र माइलो भ्रमण हुनेछ। उत्तरार्द्धको समय झन्झटिलो बन्नेछ। परिस्थितिअनुसार काम कार्य गर्न सकिने छैन। विश्वास गरेका व्यक्तिले धोका दिनेछन्।

**मीन** व्यापार व्यवसायबाट अपेक्षित लाभ मिल्नेछ। धनसञ्चय गर्ने वातावरण बन्नेछ। बोलीको प्रभाव रहला। प्रियजनसँगको भेटले मन फुरुर बन्नेछ। नयाँ योजनालाई अघि बढाउने समय रहेको छ, अल्छीपना त्याग्नु होला।